apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः १५० ● पृष्ठः ४ ● ०३ असार २०८३ बुधबार (17 June 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




# १५ वर्षदेखि अधुरो कमला पुल, डुंगाकै भरमा नदी तर्दै सर्वसाधारण

## निर्माण ढिलाइले बढायो सास्ती, मोटरसाइकल चालकदेखि पैदलयात्रीसम्म अतिरिक्त खर्च र जोखिममा



**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०२ गते**

मधेशको जीवनरेखा मानिने हुलाकी राजमार्ग अन्तर्गत कमला नदीमा निर्माणाधीन पुल १५ वर्ष बितिसक्दा पनि सञ्चालनमा आउन नसक्दा सर्वसाधारण अझै डुंगाको भरमा नदी वारपार गर्न बाध्य छन् । सिरहा र धनुषा जिल्लालाई जोड्ने यस महत्वपूर्ण मार्गमा दैनिक आवतजावत गर्ने यात्रु, मोटरसाइकल चालक तथा स्थानीय बासिन्दाले अतिरिक्त आर्थिक भारसँगै जोखिमपूर्ण यात्रा गर्नुपरेको छ ।

स्थानीयका अनुसार वर्षायाम सुरु भएसँगै कमला नदीमा पानीको बहाव बढ्न थालेको छ। नदी पार गर्न मोटरसाइकल चालकहरूले प्रतिपटक १५० देखि २०० रुपैयाँसम्म तिर्नुपर्ने अवस्था छ भने साइकल चालक र पैदलयात्रीले समेत शुल्क तिरेर डुंगामार्फत यात्रा गर्नुपर्ने बाध्यता रहेको छ।

कमला नदीमा पुल निर्माणको शिलान्यास २०६८ सालमा गरिएको थियो । तर निर्माण कार्य सम्पन्न हुनुअघि नै २०७८ सालमा पुलको एक भाग भासिएपछि आयोजना थप विवादमा परेको थियो । त्यसपछि निर्माण कार्य पुनः सुरु गरिए पनि अपेक्षित गतिमा काम अघि बढ्न नसक्दा स्थानीयवासीले वर्षौंदेखि सास्ती भोगिरहेका छन् ।

हाल सिरहा नगरपालिका-५ र ६ का स्थानीयवासीले सञ्चालन गरेका दुईवटा डुंगामार्फत मोटरसाइकल, साइकल तथा पैदलयात्रीलाई नदी वारपार गराउने कार्य भइरहेको छ । तर मनसुन सक्रिय भएसँगै नदीको बहाव बढ्ने भएकाले डुंगामार्फत यात्रा गर्नु जोखिमपूर्ण बन्दै गएको स्थानीयहरूको भनाइ छ।

हुलाकी राजमार्गलाई मधेश प्रदेशको आर्थिक, सामाजिक तथा

बाँकी पृष्ठ ३ ▸▸

# नेपालमा बढ्दो डिजिटल ठगीः

## नागरिकलाई सचेत रहन मनीष यादवको आग्रह

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार ०२ गते**



नेपालमा पछिल्लो समय डिजिटल माध्यमबाट हुने ठगीका घटनामा तीव्र वृद्धि देखिएको छ । सामाजिक सञ्जाल, मोबाइल बैंकिङ, ई-वालेट, नक्कली वेबसाइट तथा फिसिङ लिंकमार्फत सर्वसाधारणको रकम चोरी हुने घटनाहरू बढ्दै गएपछि साइबर सुरक्षाप्रति चिन्ता बढेको छ।

डिजिटल प्रविधिको प्रयोगसँगै साइबर अपराधका नयाँ नयाँ स्वरूप देखा परिरहेका बेला नागरिकलाई सचेत रहन युवा अभियन्ता मनीष यादवले आग्रह गरेका छन् । उनले डिजिटल सेवा प्रयोग गर्दा सामान्य लापरवाहीले समेत आर्थिक तथा व्यक्तिगत क्षति हुन सक्ने भएकाले सबैले आवश्यक सुरक्षा सावधानी अपनाउनुपर्ने बताएका छन् ।

बाँकी पृष्ठ ४ ▸▸

# सडक निर्माण भ्रष्टाचार मुद्दामा निर्माण व्यवसायीसहित चार जनाले पाए सफाइ

**अपन दैनिक संवाददाता**
**सिरहा, असार ०२ गते**

सिरहाको एक सडक निर्माण आयोजनामा भएको भनिएको भ्रष्टाचार मुद्दामा एक जना निर्माण व्यवसायीसहित तीन सरकारी कर्मचारीले सफाइ पाएका छन् ।

मंगलबार विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको इजलासले एक जना निर्माण व्यवसायीसहित चार जनालाई भ्रष्टाचार मुद्दामा सफाइ दिएको छ।

बाँकी पृष्ठ ४ ▸▸

# तलब माग गर्दै मधेश प्रदेशका १३६ स्थानीय तहमा कार्यरत प्रयोगशालाकर्मीहरु आन्दोलित

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ०२ गते**




प्रदेश सरकार तथा स्थानीय तहको साझेदारीमा मधेश प्रदेशका १ सय ३६ स्थानीय तहमा सञ्चालित जनस्वास्थ्य प्रयोगशालामा कार्यरत प्रयोगशालाकर्मी आन्दोलनमा उत्रेका छन् ।

लामो समयदेखि तलब तथा सेवा-सुविधा नपाएको भन्दै उनीहरू संयुक्त संघर्ष समिति बनाएर जनकपुरधामस्थित जनस्वास्थ्य प्रयोगशालामा धर्ना बसेका हुन् ।

आर्थिक वर्ष २०८२/०८३ को कार्तिक महिनादेखि हालसम्म तलब प्राप्त नभएको, चाडपर्व भत्ता लगायत कानुनबमोजिमका सेवा-सुविधासमेत नपाएको उनीहरूको गुनासो छ ।

चालु आर्थिक वर्ष समाप्त हुन लाग्दासमेत कर्मचारीहरूको सेवा सम्झौता तथा म्याद नवीकरण प्रक्रिया टुंगो लाग्न नसकेको गुनासो उनीहरूको छ ।

बाँकी पृष्ठ ४ ▸▸

# प्रादेशिक अस्पताल सिरहामा व्यवस्थापन निर्णय विवादित

## चिकित्सक-स्वास्थ्यकर्मीद्वारा आन्दोलनको चेतावनी

**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, असार ०२ गते**



सिरहा सदरमुकामस्थित प्रादेशिक अस्पताल सिरहामा अस्पताल व्यवस्थापन समितिको पछिल्लो निर्णयलाई लिएर चिकित्सक तथा स्वास्थ्यकर्मीहरू र व्यवस्थापन पक्षबीच विवाद उत्पन्न भएको छ । अस्पतालमा लामो समयदेखि कार्यरत दुई चिकित्सकलाई हटाउने निर्णयप्रति असन्तुष्टि जनाउँदै स्वास्थ्यकर्मीहरूले निर्णय पुनरावलोकन गर्न माग गरेका छन् ।

अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले अस्पताल विकास समितिले बालरोग विशेषज्ञ डा. मनीष कुमार मण्डल र मेडिकल अधिकृत डा. अखिलेश चौधरीसँग सम्बन्धित विषयमा गरेको निर्णयप्रति आपत्ति जनाउँदै अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देव कुमार यादवलाई ज्ञापनपत्र बुझाएका छन् । ज्ञापनपत्रमा उक्त निर्णयले अस्पतालका चिकित्सक तथा कर्मचारीहरूको मनोबलमा नकारात्मक असर परेको उल्लेख गर्दै तत्काल निर्णय सच्याउन माग गरिएको छ ।

बाँकी पृष्ठ ३ ▸▸

सन्तुलित जनसंख्याः विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं ।
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं ।
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं ।
- किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं ।
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं ।
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं ।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

## सम्पादकीय...

### अवैध उत्खनन रोक्न कडाई गर

सिरहा जिल्लाका कमला, खुट्टी, घुर्मी, गागन लगायतका विभिन्न नदी तथा खोलाहरूमा भइरहेको अवैध बालुवा-ग्राभेल उत्खनन चिन्ताको विषय हो। पछिल्लो समय स्थानीयवासीको सक्रियता र सूचनाका आधारमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलले संयुक्त रूपमा सञ्चालन गरेको अनुगमनबाट ११ वटा सवारी साधन नियन्त्रणमा लियो। तर यसले समस्या समाधान भएको होइन, बरु जिल्लामा नदीजन्य पदार्थको अवैध दोहन कति व्यापक रूपमा फैलिएको छ भन्ने कुरालाई पटकपटक उजागर गरेको छ। गोलबजार नगरपालिका-३ स्थित गागन खोलामा र सिरहा नगरपालिका-१३ गम्हरिया क्षेत्रको कमला नदीमा भइरहेको अवैध उत्खननमाथि गरिएको कारबाहीले राज्यका निकायहरू सक्रिय भएमा यस्ता गतिविधि नियन्त्रण गर्न सकिने सन्देश दिएको छ। अवैध उत्खनन दिनहुँ र रातदिन भइरहेको अवस्थामा प्रशासन किन विशेष सूचना वा जनदबाबको प्रतीक्षामा मात्र सक्रिय हुने गर्छ भन्ने प्रश्न छ।

नदीजन्य पदार्थ निर्माण क्षेत्रका लागि आवश्यक स्रोत भए पनि यसको उत्खनन वैज्ञानिक र कानुनी प्रक्रिया अनुसार हुनुपर्छ। अनियन्त्रित उत्खननले नदीको प्राकृतिक बहाव परिवर्तन गर्छ, नदी कटानको जोखिम बढाउँछ, खेतीयोग्य जमिन नष्ट गर्छ र बस्तीहरूलाई जोखिममा पार्छ। यसले जैविक विविधता तथा वातावरणीय सन्तुलनमा समेत गम्भीर असर पुर्‍याउँछ। अल्पकालीन आर्थिक लाभका लागि प्राकृतिक स्रोतको अन्धाधुन्ध दोहन गर्नु भविष्यका पुस्तामाथिको अन्याय हो। सिरहाका धेरै जसो नदी तथा खोलाहरूमा वर्षौंदेखि अवैध उत्खनन भइरहेको छ। कतिपय अवस्थामा स्थानीयले आन्दोलन, विरोध तथा दबाब सिर्जना गरेपछि मात्र सम्बन्धित निकायहरू सक्रिय हुने गरेका छन्। यसले राज्य संयन्त्रको नियमित निगरानी र जिम्मेवारीबोधमाथि प्रश्न खडा गरेको छ। कानुन कार्यान्वयन गर्ने निकायले घटनापछि होइन, घटना हुनुअघि नै रोकथामका उपाय अपनाउनुपर्छ।

सिरहा जिल्लाका १७ वटै स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र सुरक्षा निकायबीच प्रभावकारी समन्वय आवश्यक छ। उत्खननका लागि अनुमति प्राप्त क्षेत्र, समय र परिमाणको स्पष्ट अनुगमन हुनुपर्छ। अवैध उत्खननमा संलग्न व्यक्ति, व्यवसायी वा सवारी साधनमाथि कडा कानुनी कारबाही गरिनुपर्छ। साथै, आधुनिक प्रविधिको प्रयोग गरी नदी क्षेत्रको नियमित निगरानी गर्ने व्यवस्था मिलाउनुपर्छ। प्राकृतिक स्रोत-साधन राष्ट्रको साझा सम्पत्ति हुन्। तिनको संरक्षण सरकारी निकायको दायित्व मात्र होइन, नागरिकको पनि जिम्मेवारी हो। सिरहा जिल्लाका स्थानीयवासीले सचेत निगरानी र सूचना प्रवाहलाई निरन्तरता दिदै आएका छन्। राज्यका निकायहरूले पनि जनदबाबको प्रतीक्षा नगरी आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ। सिरहाका नदीहरूलाई विनाशबाट जोगाउने हो भने अवैध उत्खननविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।


**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# टुक्रे राहतले नपुरेको घाउ

## सरकारले चार वर्षमा १६ करोड ६३ लाख खर्चिए पनि मधेश आन्दोलनका सहिद र घाइते परिवार रोजगारी, उपचार र स्थायी सुरक्षाको प्रतीक्षामै

**वीरेन्द्र रमण**



सर्लाही, ब्रह्मपुरीका ४१ वर्षीय शिवलाल पासमानको टाउकामा लागेको गोलीको घाउ निको भइसकेको छ। तर, पीडा कम भएको छैन। प्रत्येक तीन महिनामा सीटी स्क्यान गराउनुपर्छ। महिनामा पाँच हजार रुपैयाँ जतिको औषधि खानुपर्छ। निद्रा लाग्ने औषधि नखाए राति निद्रा लाग्दैन। कहिलेकाहीँ टाउको बेस्सरी दुख्छ, त्यसबेला दुखाइ कम गर्ने औषधि पनि थप्नुपर्छ।

जेठ २०७२ को पहिलो साता मधेशकेन्द्रित दलहरूले संविधानमा मधेसी जनताको अधिकार स्थापित गर्नुपर्ने मागसहित आन्दोलन चर्काइरहेका थिए। त्यही क्रममा राजमार्ग घेराउको कार्यक्रम भयो। सर्लाहीको नवलपुरमा भएको घेराउमा पासमान पनि सहभागी थिए। राजमार्ग खुलाउने क्रममा प्रहरीले बल प्रयोग गर्‍यो। प्रहरीले चलाएको गोली उनको टाउकामा लाग्यो। करिब एक महिनाको उपचारपछि घाउ त निको भयो, तर त्यसको असर अहिले पनि उनको जीवनमा बाँकी छ।

घरमा एक छोरा र एक छोरी छन्। छोरा कक्षा ६ मा पढ्छन्, छोरी कक्षा ५ मा। पत्नी दमकी बिरामी छिन्। आमा र बाबु दुवैलाई सुगर र प्रेसर छ, उनीहरूलाई पनि नियमित औषधि चाहिन्छ। टाउकामा गोली लागेपछि पासमानलाई काम गर्न पनि समस्या छ।

"मधेशकेन्द्रित दलले आह्वान गरेको मधेश आन्दोलनमा लागियो, गोली पनि खाइयो," उनी भन्छन्, "तर अहिले आफ्नो अवस्था बेहाल हुँदा कुनै दलले सोधखोजसमेत गर्दैनन्।"

यो पीडा पासमानको मात्र होइन। मधेश आन्दोलनका घाइते र सहिद परिवारहरू अहिले पनि राहत, रोजगारी, उपचार र सम्मानका लागि प्रदेश सरकारको ढोका धाइरहेका छन्। संघीयता स्थापनाको आन्दोलनमा रगत बगे पनि त्यसैको जगमा बनेको मधेश प्रदेश सरकारले पनि सहिद परिवार र घाइतेका लागि स्थायी व्यवस्था गर्न नसकेको उनीहरूको गुनासो छ।

**सहिद परिवारको उस्तै पीडा**

मधेश आन्दोलनकै क्रममा जलेश्वरमा प्रहरीको गोली लागेर जलेश्वर नगरपालिका बखरीका अमित कापरको मृत्यु भयो। घरका एक्ला छोराको मृत्यु भएपछि परिवारमा ठूलो विपत्ति आइलाग्यो।

उनकी पत्नी मनतोरिया देवीका अनुसार छोरी जन्मिसकेकी थिइन्, छोरा पेटमै थिए। उनी भन्छिन्, "ससुरा अपांग हुनुहुन्छ। उहाँले पाउने सामाजिक सुरक्षा भत्ताबाट घरपरिवार चलाइरहेका छौँ। बच्चाको पढाइ र ससुराको औषधिमै पैसा सकिन्छ।"

सरकारले दिने भने पनि अझै आफूहरूले राहत नपाएको उनको गुनासो छ। "सहिद परिवारका लागि राज्यले दिनुपर्ने सुविधा दिएको छैन," उनी भन्छिन्।

मधेशकेन्द्रित दलहरूले आह्वान गरेका २०६३ र २०७२ सालका आन्दोलनमा ६३ जनाले ज्यान गुमाएका थिए। तर, अधिकांश सहिदका परिवार समस्याकै बीच जीवन चलाइरहेका छन्। सरकारी स्तरबाट सहिद परिवारले स्थायी र पर्याप्त सुविधा नपाएको उनीहरूको गुनासो छ।

**रोजगारको अधुरो वाचा**

प्रदेशको पहिलो निर्वाचनपछि मधेशमा तत्कालीन मधेशी जनअधिकार फोरम र राष्ट्रिय जनता पार्टी नेपाल (राजपा)को नेतृत्वमा सरकार बन्यो। मुख्यमन्त्री लालबाबु राउतले 'एक सहिद परिवार, एक रोजगार' नीति अघि सारे।

३ फागुन २०७४ मा शपथ लिएसँगै राउतले सहिद परिवारका आफन्तलाई रोजगारी दिने योजना ल्याए। प्रदेशका विभिन्न कार्यालयमा कार्यालय सहयोगीका रूपमा ५४ जनालाई ज्यालादारीमा नियुक्ति दिइयो। तर, तीमध्ये २५ जनाले मात्र काम गरे।

राउत नेतृत्वको सरकार रहँदासम्म मधेश आन्दोलनका सहिद परिवारलाई केही सहयोग भने हुँदै आएको सहिद परिवारका सदस्यहरू बताउँछन्। उनी सरकारबाट हटेपछि भने समस्या बढ्दै गएको उनीहरूको भनाइ छ।

राउतले सहिद परिवारको समस्या समाधान र राहत व्यवस्थापनका लागि मधेशी सहिद प्रतिष्ठान गठन गरेका थिए। तर, २ साउन २०७८ मा भरत साह आन्तरिक मामिला तथा सञ्चारमन्त्री बनेपछि प्रतिष्ठान मार्फत माओवादी जनयुद्धका सहिद र घाइतेलाई पनि सहयोग गर्ने नीति अघि सारियो। त्यसपछि जनयुद्धका सहिदलाई समेत सहयोग गर्न थालियो।

प्रतिष्ठान स्वायत्त नभई मन्त्रीको तजबिजमा चल्न थालेपछि समस्या देखिएको सहिद परिवारका प्रतिनिधिहरू बताउँछन्।

मधेशी सहिद प्रतिष्ठानका सदस्य तथा सहिद चन्दन पटेलका पिता अवधेश पटेलका अनुसार गत वर्ष पनि प्रदेश सरकारको लापरवाहीका कारण प्रतिष्ठानका लागि छुट्याइएको बजेट फ्रिज भयो। यस वर्ष पनि मुख्यमन्त्री र गृहमन्त्रीले पहल नगर्दा बजेट फ्रिज हुने निश्चित भएको पटेलको आरोप छ।

प्रदेश सरकारले दुई वर्षदेखि ल्याउने भनिएको सहिद परिवारसँग सम्बन्धित ऐन प्रदेशसभामा प्रस्तुतसमेत नभएकामा उनी आपत्ति प्रकट गर्छन्। ऐन छिटोभन्दा छिटो सभामा लैजानुपर्नेमा जोड दिँदै उनले सहिद परिवारका सदस्यलाई शिक्षा र स्वास्थ्यको ग्यारेन्टी गर्नुपर्ने माग राखेका छन्। साथै, 'एक सहिद, एक रोजगार' कार्यक्रम पूर्ण कार्यान्वयन गरेर हरेक सहिद परिवारका एक सदस्यलाई रोजगारी दिइनुपर्नेमा पनि उनको जोड छ।

सहिद प्रतिष्ठान गठन तथा कार्यनिर्देशिकामा सहिदहरूको सम्झनामा पूर्वाधार विकास, सहिद परिवारको रेखदेख, उनीहरूका लागि रोजगारी कार्यक्रम सञ्चालन, आन्दोलनमा घाइते तथा अपांग भएकाहरूका लागि सामाजिक सुरक्षाको प्रबन्ध र व्यवस्थापनलगायत क्रियाकलाप सञ्चालन गर्ने उल्लेख छ।

तर, सहिद परिवारहरूको भनाइमा निर्देशिकामा लेखिएका कुरा व्यवहारमा देखिएका छैनन्। उनीहरूले त्यसअनुसार राहत, सहयोग र संरक्षण नपाएको जिकिर गरेका छन्।

**सेवासुविधामा १६ करोड ६३ लाख खर्च**

प्रदेश सरकारले भने सहिद परिवार र आन्दोलनका घाइतेका लागि विभिन्न शीर्षकमा रकम खर्च गरेको जनाएको छ। चार आर्थिक वर्षदेखि ५ माघमा बलिदानी दिवस मनाउँदै आएको सरकारले सोही दिन सहिद परिवार र घाइतेलाई आर्थिक सहयोग गर्दै आएको छ। चार वर्षमा सो शीर्षकमा १६ करोड ६३ लाख रुपैयाँ खर्च भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा मधेश आन्दोलनका ६२ सहिद परिवारलाई प्रतिपरिवार तीन लाख रुपैयाँका दरले एक करोड ८६ लाख रुपैयाँ प्रदान गरिएको छ। त्यस्तै, एक जनालाई 'जिउँदो सहिद' का रूपमा सम्मानसहित तीन लाख रुपैयाँ दिइएको छ। यसरी सहिद परिवार र जिउँदो सहिद शीर्षकमा कुल एक करोड ८९ लाख रुपैयाँ खर्च भएको छ।

मधेश आन्दोलनका १०७ जना घाइतेमध्ये घाइतेको प्रकृति हेरी २४ जनालाई एक लाख रुपैयाँका दरले २४ लाख, ३६ जनालाई एक लाख ५० हजार रुपैयाँका दरले ५४ लाख र ४७ जनालाई दुई लाख रुपैयाँका दरले ९४ लाख रुपैयाँ उपलब्ध गराइएको छ। घाइतेतर्फ कुल एक करोड ७२ लाख रुपैयाँ खर्च भएको छ।

यसरी आव २०८१/८२ मा मात्रै सहिद परिवार, जिउँदो सहिद र घाइतेलाई गरी कुल तीन करोड ६१ लाख रुपैयाँ नगद सहायता प्रदान गरिएको छ।

त्यसैगरी, आव २०७८/७९ मा तीन करोड ३७ लाख रुपैयाँ, आव २०७९/८० मा ६ करोड ११ लाख रुपैयाँ र आव २०८०/८१ मा तीन करोड ५४ लाख रुपैयाँ खर्च भएको छ।

तर, सहिद परिवार र घाइतेहरूको गुनासो छ- रकम खर्च भएको देखिए पनि त्यसले उनीहरूको जीवनमा दीर्घकालीन सुरक्षा, रोजगारी, उपचार र सम्मान सुनिश्चित गरेको छैन।

**'टुक्रे रकम होइन, ठोस योजना चाहियो'**

जसपा नेपालका प्रवक्ता तथा प्रदेशसभा सदस्य मनिष सुमन सहिदहरूको आन्दोलन र मागप्रति आफ्नो पार्टीको ऐक्यबद्धता रहेको बताउँछन्। "सहिद परिवारका न्यायोचित मागलाई सम्बोधन गर्नुपर्छ," उनी भन्छन्, "संघीयता जसको बलमा आएको हो, उनीहरूलाई कसैले बिर्सनु हुँदैन।" उनले सरकारले टुक्रे रकम बाँड्नुको साटो सहिद परिवारका लागि ठोस योजना ल्याएर उनीहरूको माग र

बाँकी पृष्ठ ३

## आजको राशिफल

**मेष :** प्रभावले तपाईंको ऊर्जा र आत्मविश्वास उच्च रहनेछ। पुराना रोकिएका कामहरूलाई गति दिने सही समय छ।

**बृष :** आर्थिक दृष्टिकोणले आजको दिन मध्यम छ, त्यसैले अनावश्यक खर्चमा नियन्त्रण गर्नुहोला।

**मिथुन :** आज तपाईंको मान(सम्मान र प्रतिष्ठामा वृद्धि हुनेछ। मानसिक रूपमा प्रसन्नता छाउनेछ।

**कर्कट :** मनमा केही चञ्चलता र अनावश्यक चिन्ता बढ्न सक्छ। कार्यक्षेत्रमा कामको चाप बढ्नेछ।

**सिंह :** आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन्। पुराना लगानी वा फसेको धन फिर्ता आउने योग छ।

**कन्या :** करियर र व्यावसायिक क्षेत्रका लागि आजको दिन उत्कृष्ट रहनेछ।

**तुला :** भाग्यले साथ दिनेछ। अध्यात्म, धर्म र परोपकारी कार्यमा रुचि बढ्नेछ।

**वृश्चिक :** सवारी साधन चलाउँदा र सडक पार गर्दा विशेष सतर्कता अपनाउनुहोला।

**धनु :** दाम्पत्य जीवनमा मधुरता छाउनेछ भने जीवनसाथीको पूर्ण सहयोग प्राप्त हुनेछ।

**मकर :** प्रतिस्पर्धी तथा शत्रुहरू स्वतः परास्त हुनेछन्। पुराना रोग वा स्वास्थ्य समस्याहरूबाट मुक्ति मिल्नेछ।

**कुम्भ :** बौद्धिक र रचनात्मक क्षमताको विकास हुनेछ। सन्तान पक्षबाट सुखद समाचार प्राप्त हुनेछ।

**मीन :** आज घरायसी वा पारिवारिक सुख-सुविधाका सामानहरू खरिद गर्ने योग छ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# विद्युतीय चुल्होको प्रयोग बढाउनुपर्छः प्रदेश प्रमुख लाभ




**✍अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ०२ गते**

धुवाँरहित भान्सा तथा बेलाबेला हुने एलपी ग्यासको अभाव सामना गर्नु पर्ने विकल्पमा मधेशमा विद्युतीय चुलो प्रवर्द्धनमा जोड दिइएको छ।

धनुषाको लालगढमा सोमबार विद्युतीय चुल्हो नमुना परियोजनाको सिकाई तथा उपलब्धि विषयको अन्तरक्रिया कार्यक्रममा मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले नेपालमा पर्याप्त विद्युत उत्पादनको सम्भावना रहेकाले विद्युतीय चुल्होको उपयोग घर-घरमा पुग्नुपर्ने बताए।

विद्युतीय चुलोको प्रयोगले स्वास्थ्य, वातावरण र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने तथा एलपीजी ग्यास आयातमा हुने अर्बौं रुपैयाँ विदेशी मुद्रा बचत गर्न सकिने उनको धारणा छ। उनले ग्यास आपूर्तिमा हुने अवरोध तथा अभावका कारण समय-समयमा नागरिकले विभिन्न समस्या भोग्नुपरेकाले स्वदेशी ऊर्जा स्रोतको अधिकतम उपयोग गर्न आवश्यक रहेकोमा जोड दिए।

धनुषाको गणेशमान चारनाथ नगरपालिकाका प्रमुख जित नारायण यादवले आफ्नो पालिकाले दुई वर्षअघि नै इन्डक्सन चुलो र आवश्यक भाँडाकुँडा वितरण गरी स्थानीयस्तरमा विद्युतीय चुलोको प्रयोगलाई प्रोत्साहन गरेको बताए।

सहभागी गृहिणीहरूले विद्युतीय चुलो प्रयोग गर्न सहज, सुरक्षित र खर्च कम लाग्ने अनुभव सुनाएको उनको भनाइ छ।

ऊर्जा विज्ञ मोहनदास मानन्धरले विद्युतीय चुलोको प्रयोग बढ्दै गएको बताउँदै यसको दीर्घकालीन सफलताका लागि विद्युत पूर्वाधार सुदृढ बनाउनुपर्ने धारणा राखे। कार्यक्रममा मधेशका २० स्थानीय तहका सहभागी प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतले बारम्बार विद्युत अवरुद्ध हुने, ट्रान्सफर्मरको क्षमता अपर्याप्त हुनेलगायत समस्या समाधान भए विद्युतीय चुलोको प्रयोग अझ प्रभावकारी रूपमा विस्तार गर्न सकिने धारणा राखेका छन्।

एसियन विकास बैंक (ए.डी.बी), नेपाल विद्युत प्राधिकरण, नर्वे दूतावास, एसपीलाई नेपाल, जानकी महिला जागरण समाज, क्लिन कुकिङ एलायन्स, डीडीआरसी लगायतका संस्थाहरूको सहयोग समन्वयमा आयोजना भएको अन्तरक्रियामा सम्पन्न भएको हो।

## प्रादेशिक अस्पताल सिरहामा व्यवस्थापन निर्णय ...........

स्वास्थ्यकर्मीहरूको भनाइअनुसार माग सम्बोधन नभए अस्पतालका चिकित्सक तथा कर्मचारीहरू 'पेन डाउन' आन्दोलनमा जान बाध्य हुने अवस्था सिर्जना हुन सक्छ। ज्ञापनपत्रमा अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सामूहिक हस्ताक्षर रहेको बताइएको छ।

अस्पतालभित्रको विवाद सार्वजनिक भएसँगै स्वास्थ्य सेवा प्रभावित हुन सक्ने सम्भावनाप्रति समेत सरोकारवालाहरूले चासो व्यक्त गरेका छन्। अस्पताललाई प्रदेशस्तरीय स्वास्थ्य सेवाको प्रमुख केन्द्रका रूपमा विकसित गर्नुपर्ने अवस्थामा व्यवस्थापनसँग सम्बन्धित विवादले सेवा प्रवाहमा असर पार्न सक्ने स्थानीयको चिन्ता छ।

यसैबीच केही स्थानीय बासिन्दाले अस्पतालमा भइरहेको भवन रंगरोगन तथा अन्य भौतिक पूर्वाधारसम्बन्धी कामको प्रक्रियामाथि पनि प्रश्न उठाएका छन्। स्थानीय देवेन्द्र गोहिवार सहित केही सरोकारवालाले अस्पतालमा सार्वजनिक सूचना तथा प्रतिस्पर्धात्मक प्रक्रियाबिना निर्माण तथा मर्मतसम्भारका कार्य भइरहेको आरोप लगाएका छन्। उनीहरूको भनाइमा अस्पतालको शय्या क्षमता विस्तार, उपकरण व्यवस्थापन, चिकित्सक अभाव समाधान तथा सरसफाइजस्ता प्राथमिक विषयमा ध्यान केन्द्रित गर्नुपर्ने बेला साना निर्माण तथा रंगरोगनका कामलाई प्राथमिकता दिइएको देखिन्छ।

यद्यपि, व्यवस्थापन पक्षले भने सबै आरोप अस्वीकार गरेको छ।

प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. सुनिल कुशवाहाले सम्बन्धित चिकित्सकहरूले अस्पतालको हितविपरीत गतिविधि गरेको तथा अस्पतालमा आउने केही बिरामीलाई निजी क्लिनिकतर्फ पठाउने गरेको गुनासो प्राप्त भएपछि अस्पताल व्यवस्थापन समितिको निर्णय कार्यान्वयन गरिएको बताए। उनले अस्पतालमा भइरहेको कुनै पनि काम नियमविपरीत नभएको र आर्थिक अनियमितताका आरोप निराधार रहेको दाबी गरे।

त्यस्तै अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवकुमार यादवले पनि समितिको निर्णयअनुसार अस्पतालको हितविपरीत कार्य गरेको निष्कर्षका आधारमा सम्बन्धित दुई चिकित्सकलाई हटाउने निर्णय गरिएको बताए। उनले अस्पतालको सेवा सुधार तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले निर्णय गरिएको जिकिर गरे।

विवादका बीच अस्पताल प्रशासन, स्वास्थ्यकर्मी र सरोकारवाला पक्षबीच संवादमार्फत समाधान खोज्नुपर्ने आवश्यकता देखिएको छ। स्वास्थ्य क्षेत्रजस्तो संवेदनशील सेवामा उत्पन्न हुने कुनै पनि विवादले प्रत्यक्ष रूपमा बिरामी तथा सेवाग्राहीलाई असर पार्ने भएकाले सम्बन्धित पक्षहरूले पारदर्शी, तथ्यमा आधारित र सहमतिमूलक उपायमार्फत समस्या समाधान गर्नुपर्ने आवाज उठ्न थालेको छ।




# एसईईका करिब एक हजार विद्यार्थीका उत्तरपुस्तिका भेटिएन




**✍अपन दैनिक संवाददाता**
**काठमाडौं, असार ०२ गते**

एसईईमा सहभागी करिब एक हजार विद्यार्थीको उत्तरपुस्तिका हराएको पाइएको छ। पुनर्योगका लागि आवेदन दिएकामध्ये एक हजार हाराहारी विद्यार्थीको उत्तरपुस्तिका नभेटिएको हो।

यसले पुनर्योगको नतिजा प्रकाशन प्रभावित भएको परीक्षा नियन्त्रक टुकराज अधिकारीले बताए। ३३ हजार ८ सय ८७ जनाले पुनर्योगका लागि आवेदन दिएका थिए। तीमध्ये ३१ हजार ८ सय ५५ जनाको पुनर्योगको नतिजा प्रकाशित भएको छ। करिब १ हजार विद्यार्थीको नतिजा उत्तरपुस्तिका नभेटिएका कारण सार्वजनिक गर्न नसकिएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ।

तथ्यांकमा २ हजार ३ सय ३५ जनाको नतिजा प्रकाशन गर्न बाँकी देखिन्छ। तर केहीको मिसिङ (विविध कारण नतिजा स्थगित) तर्फ नतिजा प्राप्त भएको र केही पुनर्योगका लागि एकै विद्यार्थीले एकभन्दा बढी पटक आवेदन दिएका कारण तथ्यांक एक हजारभन्दा बढी देखिएको अधिकारीले बताए। 'सबैको उत्तरपुस्तिका नभेटिएको भन्ने होइन,' उनले भने।

सम्बन्धित जिल्ला र परीक्षा केन्द्रले पठाएको उत्तरपुस्तिकामा विद्यार्थीको उत्तरपुस्तिका नभेटिएपछि पुनर्योगको नतिजा प्रकाशन गर्न विलम्ब भएको छ। ग्रेडवृद्धि (पूरक) परीक्षाअघि नै पुनर्योगको नतिजा सार्वजनिक गरेर त्यसमा चित्त नबुझेका विद्यार्थीले ग्रेडवृद्धि दिन पाउने व्यवस्था छ। सोमबारदेखि देशभर पूरक परीक्षा सञ्चालन भएको छ। तर पुनर्योगको आवेदन दिएका विद्यार्थी नतिजा नआउँदा ग्रेडवृद्धि परीक्षा दिन बाध्य भएका छन्।

सर्लाही जिल्लाका कतिपय विद्यार्थी पुनर्योगको नतिजा खोज्दै परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुर आइपुगेका छन्। तोकिएको समयमा नतिजा नआएपछि भक्तपुर आएको छात्र रवि शाक्यले बताए। 'कापी खोज्दै छौं। भेटिएपछि नतिजा आउँछ भनेका छन्। लापरबाही गर्दा दुःख पाइयो,' उनले भने। मोरङका विद्यार्थी भने पुनर्योगको नतिजा नआएका कारण ग्रेडवृद्धि परीक्षामा सहभागी भएका छन्।

सरकारले यस पटक परीक्षा सकिएको एक महिनाभित्रै नतिजा प्रकाशन गर्ने घोषणा गरेको थियो। सोही कारण परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरेर कार्यालयमा पठाउने व्यवस्था गरिएको थियो। परीक्षा केन्द्रबाट जथाभाबी र लापरबाहीपूर्ण तरिकाले परीक्षण गरेका उत्तरपुस्तिका पोको पारेर पठाएकाले भेट्न समस्या भएको बोर्डका कर्मचारीहरूले बताए। 'उत्तरपुस्तिका खोज्दै जाँदा झापा, इलाम, मोरङ, सुनसरी, सर्लाहीलगायत जिल्लाका उत्तरपुस्तिका विद्यालयमै भेटियो,' परीक्षा नियन्त्रक अधिकारीले भने, 'मगाएका छौं। आएपछि हेरेर पुनर्योगको नतिजा प्रकाशित हुन्छ।' नभेटिएका उत्तरपुस्तिका खोज्ने काम जारी रहेको पनि कार्यालयले जनाएको छ।

परीक्षण सकेपछि जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइले प्राप्तांकसहित नतिजा प्रकाशनअघि नै सबै उत्तरपुस्तिका केन्द्रमा पठाउनुपर्ने व्यवस्था थियो। नतिजा प्रकाशनको हतारले गर्दा सबै उत्तरपुस्तिका प्राप्त हुन नसकेको बोर्डका एक कर्मचारीले बताए। विद्यार्थीले परीक्षा केन्द्र र विषय परिवर्तन गरेका कारण पनि केही उत्तरपुस्तिका नभेटिएको हुन सक्ने बोर्डको अनुमान छ। 'हरेक दिन ३/४ जना कर्मचारी लगाएर उत्तरपुस्तिका खोज्ने काम भइरहेको छ। उनीहरूले दिनभरि खोज्दा पनि खोजेको एउटा उत्तरपुस्तिका पनि नभेटिएको अवस्था छ,' उनले भने, 'जुन पोकामा राख्नुपर्ने हो त्यही पोकामा उत्तरपुस्तिका नराखेपछि भेट्न मुस्किल भइरहेको छ।' कति उत्तरपुस्तिका परीक्षा केन्द्रमा नै छुटेर नभेटिएका हुन्, एकिन गर्न बाँकी रहेको बोर्ड जनाएको छ।

उत्तरपुस्तिका नभेटिएका कारण सोमबार ३ सय ३९ जनाको मात्रै पुनर्योगको नतिजा प्रकाशित गरिएको थियो। जसमा १८ जनाको नतिजा परिवर्तन भएको छ। त्यसअघि ६ पटकमा ३१ हजार ५ सय १६ जनाको पुनर्योगको नतिजा प्रकाशित गरिएको थियो। त्यसमा १ हजार ८ सय १० जनाको नतिजा परिवर्तन

बाँकी पृष्ठ ४ ▸▸

## १५ वर्षदेखि अधुरो कमला पुल, डुंगाकै भरमा .............

व्यापारिक गतिविधिको प्रमुख आधार मानिन्छ। यस मार्गमा पर्ने महत्वपूर्ण पुल निर्माणमा भएको ढिलाइले स्थानीय व्यापार, शिक्षा, स्वास्थ्य सेवा तथा दैनिक आवागमनमा प्रत्यक्ष असर पारेको सरोकारवालाहरू बताउँछन्।

स्थानीय बासिन्दाहरूले निर्माणाधीन कमला पुलको कामलाई तीव्रता दिई यथाशीघ्र सञ्चालनमा ल्याउन सरकार र सम्बन्धित निकायसँग माग गरेका छन्। उनीहरूका अनुसार पुल निर्माण सम्पन्न भए सिरहा र धनुषाबीचको आवागमन सहज हुनुका साथै वर्षौंदेखि झेल्दै आएको आर्थिक भार र जोखिमपूर्ण यात्राको अन्त्य हुनेछ।

बहुप्रतिक्षित कमला पुल अझै सञ्चालनमा आउन नसक्दा विकास आयोजना कार्यान्वयनको प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ। स्थानीयको अपेक्षा अब निरीक्षण र आश्वासनभन्दा पनि निर्माण सम्पन्न हुने निश्चित समयसीमा र परिणाममुखी कामतर्फ केन्द्रित रहेको देखिन्छ।

## टुक्रे राहतले ...........

मुद्दा सम्बोधन गर्नुपर्नेमा जोड दिए।

राष्ट्रिय मुक्ति पार्टी नेपालका महासचिव अनिल महासेठ पनि सहिद परिवारको सेवासुविधामा रकम खर्च भएको देखिए पनि ठोस परिणाम नदेखिएको बताउँछन्। उनका अनुसार त्यसका लागि दीर्घकालीन योजना भने निर्माण भइरहेको छ।

सहिदसँग सम्बन्धित समस्या समाधानका लागि प्रदेश सरकारले ऐन बनाएर अघि बढ्न चाहेको गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको भनाइ छ। "हरेक वर्ष उनीहरूको सेवासुविधामा रकम खर्च हुन्छ, तर त्यो दीर्घकालीन र टिकाउ हुँदैन," उनी भन्छन्, "यसका लागि मन्त्रालय ऐन बनाएर अघि बढ्न चाहन्छ। हामी छुट्टै ऐन बनाएर उनीहरूको दीर्घकालीन व्यवस्थापन गर्नेछौं।"

**बिजुलीको सुरक्षित प्रयोग गरौं।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

**सावधानी अपनाऔं, सुरक्षित रहौं।**

**गोलबजार नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गोलबजार**
मधेश प्रदेश, सिरहा (नेपाल)

# ऐतिहासिक सलहेश दरबार क्षेत्रमा १ करोड ३३ लाखको सडक तथा नाला निर्माण सुरु

अपन दैनिक संवाददाता
सिरहा, असार ०२ गते



सिरहाको ऐतिहासिक तथा धार्मिक महत्व बोकेको सलहेश दरबार क्षेत्रको पूर्वाधार विकासका लागि १ करोड ३३ लाख १७ हजार ४२८ रुपैयाँ ६७ पैसाको लागतमा आरसीसी ढलान सडक तथा नाला निर्माण कार्य सुरु गरिएको छ।

सिरहा नगरपालिका-७ मा सञ्चालन हुने उक्त योजनाको शिलान्यास सिरहा नगरपालिकाका मेयर डा. नवीन कुमार यादवले गरेका हुन्। शिलान्यास कार्यक्रममा वडा नं. ७ का अध्यक्ष विनोद कुमार यादव, जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी, समाजसेवी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मेयर यादवले ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण सलहेश दरबार क्षेत्रको संरक्षण र विकास नगरपालिकाको प्राथमिकतामा रहेको बताए। उनले निर्माण कार्य गुणस्तरीय, पारदर्शी र निर्धारित समयमै सम्पन्न गर्न सम्बन्धित पक्षलाई निर्देशन समेत दिए।

नगरपालिकाका अनुसार निर्माण कार्यको जिम्मा आयुष्मान निर्माण सेवा, लहान-७, सिरहाले पाएको छ। योजना सम्पन्न भएपछि करिब ५०० जना स्थानीय प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ।

स्थानीयवासीहरूले लामो समयदेखि आवश्यक रहेको सडक तथा नाला व्यवस्थापनको काम सुरु भएकोमा खुसी व्यक्त गर्दै निर्माण कार्यलाई गुणस्तरीय र पारदर्शी ढंगले सम्पन्न गर्न आग्रह गरेका छन्।

सलहेश दरबार क्षेत्रलाई व्यवस्थित र आकर्षक बनाउने उद्देश्यले अघि बढाइएको यो योजना स्थानीय पूर्वाधार विकाससँगै धार्मिक तथा पर्यटकीय गतिविधि प्रवर्द्धनमा समेत टेवा पुग्ने विश्वास गरिएको छ।

# वीरगन्जका मुख्य सडकमा फेरि डोजर चल्ने, बाँकी संरचना हटाउन निर्देशन

अपन दैनिक संवाददाता
पर्सा, असार ०२ गते



त्रिभुवन राजमार्गअन्तर्गत वीरगन्जको मुख्य सडक (मेन रोड) क्षेत्रमा सडक सीमाभित्र परेका तर अझै नहटाइएका घर तथा भवनमा सडक विभागले पुनः डोजर चलाउने भएको छ।

सडक डिभिजन कार्यालय हेटौंडाले मंगलबार सूचना जारी गर्दै सिरसिया मितेरी पुलदेखि बहुअरी गण्डक चोकसम्मको सडकखण्डमा सडकको केन्द्ररेखाबाट दायाँ-बायाँ २५-२५ मिटरभित्र रहेका बाँकी संरचना ५ दिनभित्र स्वयं हटाउन घरधनीलाई आग्रह गरेको छ। अन्यथा सडक ऐन, २०३१ अनुसार विभाग आफैंले ती संरचना हटाउने चेतावनी दिएको छ।

गत वैशाख ६ र ७ गते सडक विभागले पहिलो चरणमा उक्त सडकखण्डमा पर्ने करिब १२ सय घर तथा भवनमा डोजर चलाएर आंशिक रूपमा भत्काएको थियो। त्यसबेला सडक सीमा क्षेत्रमा रहेका संरचना २५ दिनभित्र आफैं हटाउन घरधनीलाई आग्रह गरिएको थियो। तर अधिकांशले संरचना नहटाएपछि विभागले दोस्रो चरणको हटाउने प्रक्रिया अघि बढाएको हो।

सडक डिभिजन हेटौंडाले जारी गरेको सूचनामा सडक सीमा संरक्षण कार्य वैशाख ६ गतेदेखि सुरु गरिएको उल्लेख गर्दै क्षतिग्रस्त भवनमा अझै बसोबास तथा व्यापार व्यवसाय सञ्चालन भइरहेको जानकारी प्राप्त भएको जनाएको छ। विभागले त्यस्ता भवन जोखिमयुक्त भएकाले नबस्न र व्यापार व्यवसाय सञ्चालन नगर्न आग्रह गरेको छ। 'सूचनालाई अवज्ञा गरी कुनै अप्रिय घटना भएमा सम्बन्धित व्यक्ति स्वयं जिम्मेवार हुनेछन्,' सूचनामा उल्लेख छ।

पहिलो चरणको डोजर अभियान पछि केही घरधनीले सडक सीमाभित्र परेका संरचना आफैं भत्काएका थिए। तर घण्टाघर, माइस्थान, आदर्शनगर हुँदै अलखियामठ चोकसम्मको मुख्य सडक क्षेत्रमा रहेका अधिकांश घर तथा भवन भने यथावत् छन्।

वीरगन्जको मुख्य सडक विस्तार योजनाअन्तर्गत सडक विभागले सडक सीमा संरक्षण अभियान सञ्चालन गरिरहेको छ। विभागका अनुसार यो क्षेत्र राष्ट्रिय राजमार्गअन्तर्गत पर्ने भएकाले निर्धारित सडक सीमा कायम गर्नुपर्ने कानुनी व्यवस्था छ।

डोजर अभियान सुरु भएदेखि मुख्य सडक क्षेत्रका घरधनी तथा व्यवसायीहरूले सडक विस्तारको विरोध गर्दै आन्दोलन जारी राखेका छन्। उनीहरूले मुख्य सडकलाई शहरी मार्गका रूपमा कायम गर्नुपर्ने, पुरानो सडक सीमालाई आधार मानेर विस्तार योजना पुनरावलोकन गर्नुपर्ने तथा स्थानीयको सहमतिबिना संरचना भत्काउने कार्य रोक्नुपर्ने माग गर्दै आएका छन्। सडक विस्तारको विषयलाई लिएर स्थानीय, व्यवसायी र सरकारी निकायबीच विवाद जारी रहेका बेला सडक विभागले फेरि ५ दिनको अन्तिम समयसीमा दिएपछि मुख्य सडक क्षेत्रका बासिन्दामा थप अन्योल र चासो बढेको छ।

# सप्तरीका १६ स्थानीय तहबाट 'प्यान कार्ड' सेवा सुरु

अपन दैनिक संवाददाता
राजविराज, असार ०२ गते




सप्तरीमा स्थानीय तहबाटै स्थायी लेखा नम्बर (प्यान कार्ड) लगायतका सेवा प्रवाह सुरु भएको छ। सरकारले देशभरका करदाता सेवा कार्यालय खारेज गर्दै स्थानीय तहमार्फत सेवा उपलब्ध गराउने व्यवस्था गरेपछि जिल्लाका अधिकांश पालिकाले सेवा सञ्चालनमा ल्याएका हुन्।

आन्तरिक राजस्व कार्यालय लहानका प्रमुख कर अधिकृत अमित पौडेलका अनुसार जिल्लाका १८ स्थानीय तहमध्ये १६ वटामा सम्झौता सम्पन्न भई प्यान कार्डलगायतका सेवा सुरु भइसकेका छन्। राजविराज नगरपालिका र रुपनी गाउँपालिकामा भने कर्मचारी तालिम बाँकी रहेकाले सेवा सञ्चालन हुन सकेको छैन।

'ती दुई पालिकासँग पनि सम्झौता भइसकेको छ, अब कर्मचारीलाई तालिम दिएपछि सेवा सुरु हुन्छ,' उनले भने। स्थानीय तहका कर्मचारीलाई कामका क्रममा आउने समस्या समाधानका लागि आन्तरिक राजस्व कार्यालयका कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिएको र फोनमार्फत आवश्यक सहजीकरण गरिँदै आएको उनले बताए।

प्रमुख कर अधिकृत पौडेलका अनुसार बोदेबरसाइन, सुरुङ्गा, खडक, डाक्नेश्वरी, शम्भुनाथ, कञ्चनरूप, सप्तकोशी र हनुमाननगर नगरपालिका तथा विष्णुपुर, बलान बिहुल, अग्निसाइर कृष्णासवरण, तिरहुत, महादेवा, तिलाठी कोइलाडी, छिन्नमस्ता र राजगढ गाउँपालिकाबाट प्यान कार्डलगायतका सेवा प्रवाह भइरहेको छ।

स्थानीय तहबाटै सेवा उपलब्ध हुन थालेपछि प्यान कार्ड बनाउन राजविराजसम्म धाउनुपर्ने बाध्यता हटेको छ। यसले विशेष गरी साना व्यवसायीलाई समय र खर्च दुवै बचत भएको विष्णुपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत उज्ज्वल आनन्दले बताए। उनका अनुसार सेवाको स्थानीयकरणले नागरिकलाई सहजता मात्र होइन, सरकारी सेवा पहुँचमै पुर्‍याउने उद्देश्यलाई पनि टेवा पुगेको छ।

## नेपालमा बढ्दो डिजिटल ............

नेपाल प्रहरीको साइबर ब्युरोका अनुसार पछिल्ला वर्षहरूमा अनलाइन ठगी, सामाजिक सञ्जाल ह्याकिङ, बैंक खातामा अनधिकृत पहुँच तथा नक्कली लगानी योजनामार्फत हुने ठगीका उजुरीहरू उल्लेखनीय रूपमा बढेका छन्। ठगहरूले बैंक, सरकारी निकाय वा प्रतिष्ठित संस्थाको नाम प्रयोग गरी नक्कली सन्देश पठाउने, व्यक्तिगत विवरण माग्ने तथा विभिन्न प्रलोभन देखाएर रकम असुल्ने गरेका छन्।

विशेषगरी "तपाईंले पुरस्कार जित्नुभएको छ", "तपाईंको बैंक खाता बन्द हुन लागेको छ" वा "तत्काल लिंकमा क्लिक गर्नुहोस्" जस्ता सन्देशहरू डिजिटल ठगीका प्रमुख माध्यम बन्दै गएका छन्। यस्ता सन्देशमा विश्वास गर्दा प्रयोगकर्ताको बैंक विवरण, पासवर्ड तथा ओटीपी (OTP) जस्ता संवेदनशील जानकारी ठगहरूको पहुँचमा पुग्ने जोखिम रहने विज्ञहरू बताउँछन्।

मनीष यादवका अनुसार डिजिटल ठगीबाट जोगिन बैंक खाता नम्बर, पासवर्ड, पिन तथा ओटीपी कुनै पनि व्यक्तिसँग साझा गर्नु हुँदैन। साथै, अपरिचित स्रोतबाट प्राप्त लिंकमा क्लिक नगर्ने, आधिकारिक वेबसाइट वा एप मात्र प्रयोग गर्ने तथा दुई-स्तरीय सुरक्षा प्रणाली (Two-Factor Authentication) सक्रिय गर्ने जस्ता उपायहरू अपनाउन आवश्यक छ।

साइबर सुरक्षा विज्ञहरूले सामाजिक सञ्जालमा व्यक्तिगत विवरण अनावश्यक रूपमा सार्वजनिक नगर्न, मोबाइल तथा कम्प्युटरमा नियमित सुरक्षा अपडेट गर्न र कुनै शंकास्पद गतिविधि देखिएमा तुरुन्त सम्बन्धित बैंक वा साइबर ब्युरोलाई जानकारी गराउन सुझाव दिएका छन्।

नेपाल प्रहरीले पनि डिजिटल कारोबार गर्ने सबै नागरिकलाई उच्च सतर्कता अपनाउन आग्रह गर्दै ठगीको आशंका लागेमा तत्काल साइबर ब्युरोमा उजुरी दिन अनुरोध गरेको छ।

प्रविधिको बढ्दो प्रयोगसँगै साइबर अपराधका चुनौती पनि बढिरहेका बेला सुरक्षित डिजिटल व्यवहार नै ठगीबाट बच्ने सबैभन्दा प्रभावकारी उपाय भएको सरोकारवालाहरूको भनाइ छ।

## तलब माग गर्दै मधेश प्रदेशका ..............

समस्या समाधानका लागि सम्बन्धित निकायहरूलाई पटक-पटक लिखित तथा मौखिक रूपमा जानकारी गराउँदा पनि कुनै ठोस पहल नभएकोले आन्दोलनको बाटो रोज्न बाध्य भएको उनीहरूले बताएका छन्।

उनीहरूले कात्तिक महिनादेखिको सम्पूर्ण बाँकी तलब तथा चालु आर्थिक वर्षको अन्त्यसम्मको पारिश्रमिक तत्काल भुक्तानी गर्न, सेवा सम्झौता अविलम्ब नवीकरण गर्न तथा चाडपर्व, पोशाक, जोखिम र महँगी भत्ता लगायतका सुविधा उपलब्ध गराउन माग गरेका छन्।

माग सम्बोधन नभई आन्दोलनका कारण जनस्वास्थ्य सेवा प्रभावित भए त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित निकायहरूले लिनुपर्ने चेतावनी पनि उनीहरूले दिएका छन्।


- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४


# गोलबजारबाट २८ किलो गाँजा बरामद, एक भारतीयसहित तीन पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, असार ०२ गते

गोलबजार प्रहरीले प्रतिबन्धित करिब २८ किलो गाँजासहित एक भारतीय र दुई नेपाली गरी तीनजनालाई पक्राउ गरेको छ। गाँजा ओसारपोसार भइरहेको गोप्य सूचनाको आधारमा गोलबजारस्थित इलाका प्रहरी कार्यालयले सोमबार राति गोलबजार नगरपालिका- ७, चोहर्वाबाट पाँच किलो ७१५ ग्राम र गोलबजार- १० बाट थप २२ किलो गाँजासहितसहित तीनजनालाई पक्राउ गरेको हो।

प्रहरीले चुरे क्षेत्रमा पर्ने धर्मपुर हुँदै चोहर्वा बजारतर्फ आउँदै गरेको नम्बर नखुलेको अटोलाई रोकी चेकजाँच गर्दा बोरामा प्याक गरी लुकाइएको पाँच किलो ७१५ ग्राम गाँजा बरामद भएको जनाएको छ। प्रहरीका अनुसार अटोमा गाँजा बरामद भएपछि प्रहरीले अटोचालक गोलबजार- ७ घर भएका करिब ३६ वर्षीय रोकेन्द्रबहादुर सुनवार र अटोमा सवार भारतको बिहार राज्य, पटना जिल्ला धनरुवा ग्राम पञ्चायत निवासी करिब ३० वर्षीय रोहित कुमारलाई पक्राउ गरिएको हो।

प्रहरीको फन्दामा परेका भारतीय नागरिक रोहितले सोधपुछका क्रममा दिएको सूचनाको आधारमा गोलबजार-१० का छक्कबहादुरको घरमा पुगेर खानतलासी गर्दा चारवटा बोरामा प्याक गरेर राखिएको २२ किलो गाँजा बरामद भएको गोलबजार प्रहरीले जनाएको छ। गाँजा बरामद भएपछि उनलाई समेत पक्राउ गरी तीनजनालाई नै गोलबजार प्रहरीमा ल्याएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## सडक निर्माण भ्रष्टाचार मुद्दामा निर्माण .............

अदालतले प्राविधिक कर्मचारीहरू रवीन्द्र लाल दास, शैलेन्द्र कुमार चौधरी, चन्द्रकान्त चौधरी र निर्माण व्यवसायी जफिर कबारीलाई सफाइ दिएको हो। अदालतले सडक निर्माण सम्पन्न भएको साढे तीन वर्षपछि मात्रै नमुना सङ्कलन गरी परीक्षण गरिएको देखिएको छ।

सडक विभागको मापदण्डअनुसार तोकिएको अवधिभित्र नमुना सङ्कलन नगरेको र लामो समयसम्म सडक प्रयोगमा आइसकेपछि गरिएको परीक्षणलाई भ्रष्टाचारको निर्क्योल गर्ने आधार मान्न नसकिने ठहर गरेको छ।

जय धनञ्जय/रब्बानी जे.भी.ले २०७७ असार २१ मा ठेक्का सम्झौता गरी निर्माण सम्पन्न गरेको उक्त सडकमा कम गुणस्तरको सामग्री प्रयोग गरिएको, झुट्ठा बिल भरपाई र परीक्षण प्रतिवेदन पेस गरी २ करोड ३४ लाख ९९ हजार ९४५ रुपैयाँ भुक्तानी लिएको दाबी अख्तियारको थियो।

निर्माण सम्पन्न भएको लामो समय बितिसक्दा पनि उक्त सडक हालसम्म चालु अवस्थामै रहेको र सडकको गुणस्तरमा कुनै ठूलो समस्या नदेखिएको कुरालाई अदालतले विचार गरेको छ। लामो अन्तरालपछि गरिएको परीक्षणको आधारमा गुणस्तरमा प्रश्न उठाई भ्रष्टाचार भएको निष्कर्षमा पुग्नु न्यायोचित नहुने फैसलामा उल्लेख छ।

## एसईईका करिब एक हजार विद्यार्थीका ............

भएको भेटिएको छ। यस वर्ष साढे ५ प्रतिशतभन्दा बढीको नतिजा परिवर्तन भएको छ।

पुनर्योगका लागि आवेदन दिने विद्यार्थीको संख्या पनि गतवर्षभन्दा यस पटक बढेको थियो। उत्तरपुस्तिका परीक्षण गर्दा शिक्षकले प्राप्तांक जोड्न छुटाएर थोरै अंक दिएको, प्राप्तांक इन्ट्री गर्न त्रुटि भएर थोरै अंक दिएको जस्ता समस्या भेटिएका थिए। शिक्षक र बोर्डका कर्मचारीले परीक्षण र नतिजा प्रकाशनका क्रममा गरेको त्रुटिका कारण मर्कामा विद्यार्थी र अभिभावक परेका छन्। पुनर्योग गर्न ५ सय रुपैयाँ शुल्क बुझाएर आवेदन दिनुपर्ने व्यवस्था छ। केहीले उत्तरपुस्तिका नभेटिँदा पुनर्योगको नतिजा पनि प्राप्त गर्न सकेका छैनन्।

विद्यार्थीले नतिजामा चित्त नबुझाए पुनर्योग गराउने, उत्तरपुस्तिका हेर्ने र पुनः परीक्षण गर्न पाउने व्यवस्था बोर्डले गरेको छ। पुनर्योगमा पनि सन्तुष्ट नभए विद्यार्थीले उत्तरपुस्तिका हेर्न र पुनः परीक्षण गर्न गराउन सक्नेछन्। २९ वैशाखमा सार्वजनिक एसईईको नतिजामा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए। नियमिततर्फ ४ लाख ३० हजार ६ सय ६७ परीक्षार्थी सहभागी भएकामा २ लाख ८४ हजार विद्यार्थी उत्तीर्ण भए भने १ लाख ४६ हजार ५ सय ७ जना अनुत्तीर्ण भएका थिए। अनुत्तीर्ण विद्यार्थी ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउने व्यवस्था छ।